बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

बेलबारी - मोरङ
BELBARI - MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259

प.स. : (Letter No): २०८३।८४ (2083/84)
च.नं. :(Dispatch No:)

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धि सार्वजनिक सूचना

मिति : २०८३/०७/१७

मोरङ जिल्ला बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको सीमा खोलाको रूपमा रहेको चिसाङ खोलाबाट खोलाजन्य पदार्थ ढुङ्गा गिट्टी, बालुवा, मिक्स गिट्टी र भरौट लगायतका पदार्थहरू प्रचलित कानुन बमोजिम उत्खनन, सङ्कलन तथा विक्री वितरण गर्नका लागी वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ को नियम ४ को उपनियम बमोजिम प्रारम्भिक वातावरणीय (२) अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने भएको हुँदा देहायमा उल्लिखित प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरूमा पर्न सक्ने भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक एवं यिनका अवयव र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावको बारेमा सम्बन्धित वडा, प्रभावित क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सामाजिक सङ्घसंस्था र सरोकारवालाबाट राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा सम्पूर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान

मिति	समय	स्थान	प्रभावित न.पा./ गा.पा. (वडा)
२०८३/०७/१८ गते, बुधबार	बिहान ९:०० बजे	वडा कार्यालय, वडा नं. ७ , बेलबारी नगरपालिका	बेलबारी नगरपालिका (वडा नं. ७, ८ र १०)
	बिहान ११:०० बजे	वडा कार्यालय, वडा नं. ८ , बेलबारी नगरपालिका	
	दिउँसो ४:०० बजे	वडा कार्यालय, वडा नं. १० , बेलबारी नगरपालिका	
२०८३/०७/१९ गते, बिहिबार	बिहान ९:०० बजे	वडा कार्यालय, वडा नं. १ , कानेपोखरी गाउँपालिका	कानेपोखरी गाउँपालिका(वडा १,२ र ५)
	बिहान ११:०० बजे	वडा कार्यालय, वडा नं. २ , कानेपोखरी गाउँपालिका	
	दिउँसो ४:०० बजे	वडा कार्यालय, वडा नं. ५ , कानेपोखरी गाउँपालिका	

राम शंकर साह
अधिकृत